**निर्णयहरु:-**

१. जिल्लाको समग्र सेवा प्रवाह, सेवा प्रवाहमा देखिएका समस्या एवं चुनौतीहरु र समाधानका लागि गरिएका प्रयासहरु लगायतका विषयमा छलफल भयो । Zen-z आन्दोलन पछिको बदलिदो परिबेशमा सवै कार्यालयहरुले आ-आफ्नो सेवा प्रवाहलाई त्रुटि रहित, गुनासो रहित र सेवाग्राही मैत्री बनाउने अधिकतम प्रयत्न गर्ने ।

२. रुपन्देही जिल्ला शितलहरबाट प्रभावित हुने जिल्ला भएकोले शितलहरबाट हुने जनधनको क्षति न्यूनिकरण गर्न सबै स्थानीय तह र विषयगत कार्यालयहरुले शितलहर पूर्व तयारी तथा प्रतिकार्य राष्ट्रिय योजना-२०८२ बमोजिम कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

३. सबै कार्यालयहरुले आ-आफ्नो कार्यालयको भौतिक सम्पत्तिको सुरक्षाको उचित प्रबन्ध मिलाउने । सरकारी सवारी साधन सरकारी कामकाजको लागि मात्र प्रयोग गर्ने । विदाको दिन चलाउनुपर्ने अवस्था आएमा अनिवार्य रुपमा सवारी पास लिएर मात्र चलाउने ।

४. जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्न, सेवा प्रवाहलाई प्रभावकारी बनाउन, विकास योजनाहरुलाई अवरोध रहित रुपमा सम्पन्न गर्न अन्तरनिकाय समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउने ।

५. नियामक निकायहरु एवं तालुक निकायहरुबाट प्राप्त परिपत्र र निर्देशनहरुको कार्यान्वयन गर्ने । माग भई आएका विवरणहरु यथाशिघ्र पठाउने व्यवस्था मिलाउने ।

६. विकास निर्माणसँग सम्बद्ध कार्यालयहरुले अधिकतम वित्तीय तथा भौतिक प्रगति हासिल गर्न कार्ययोजना बनाई समयमै ठेक्का व्यवस्थापन गरी निर्माण प्रक्रिया अघि वढाउने ।

७. सबै कार्यालयहरुले सूचना प्रविधिको प्रयोगमा अधिकतम सुरक्षाका उपायहरु अवलम्बन गर्ने, अनाधिकृत व्यक्तिको पहुँचलाई निषेध गर्ने र सोका लागि साइवर सेक्युरिटी एडभाइजरीको पालना गर्ने ।

८. सबै स्थानीय तह तथा विषयगत कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र रहेका सडकहरुमा रहेका खाडलहरु पुर्ने, सडकमा राखिएका निर्माण सामाग्रीहरु हटाउने, सडक व्यापारलाई व्यवस्थित गर्ने र सडक बत्तीको व्यवस्था तथा समयमै मर्मत सम्भार गरी आवागमन सहज बनाउने ।

९. सबै सरकारी कार्यालय, संस्थान, संगठन तथा संस्थाहरुको कार्यलाई प्रभावकारी बनाइ सेवा प्रवाहलाई थप प्रभावकारी तवरबाट सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्ने साथै नियमित बैठक, तालुक निकायबाट प्राप्त निर्देशन तदारुकताका साथ कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने ।

१०. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई सफल बनाउन रुपन्देही जिल्लास्थित सबै सरोकारवाला सरकारी कार्यालयले एकआपसमा प्रभावकारी समन्वय गर्ने ।

११. सार्वजनिक जग्गाको लगत सबै स्थानीय तह र मालपोत कार्यालयले अध्यावधिक गरी राख्ने ।

१२. पुरातत्व सम्बन्धी लगत सबै स्थानीय तहले अध्यावधिक गरी राख्ने ।

प्रमुख जिल्ला अधिकारी